हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १२३ पृष्ठ : ४ २०७७ मंसिर १८ गते विहीबार (Thursday 03 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि

फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

• सिँचाइको हालत •

## 'बोरिङ्ग गाडिन्छन्, बिग्रेपछि थन्किन्छन्'

लहान नगरपालिका-१४ बस्तीपुर गाउँका सफिद मियाँले आफ्नो १० कठामा काउली तरकारी लगाएका छन् । त्यसमा सिँचाइ गर्न उनलाई ठूलै झन्झट् ब्यहोर्नु पर्छ । खेतमै टाँसिएर ४० विघासम्म सिँचाइ हुने डिप बोरिङ्ग गाँडिएको छ । त्यो अहिले बिग्रेको छ । मर्मत नहुँदा सञ्चालनमा आउन सकेको छैन् । खुट्टी खोलामा पानी भएको बेला उनी त्यहीबाट पानी तान्ने मोटर लगाएर सिँचाइ गर्छन् वा अर्काको सानो बोरिङ्गबाट खेतमा पानी ल्याउँछन् ।

सफिद मियाँ जस्तै लहान नगरपालिका-२४ झुटकी गाउँका किसानहरूले पनि खेती गर्न यस्तै झन्झट् खेप्नु परेको छ । त्यहाँ पनि दुई वटा डिप बोरिङ्ग जडान गरिएको छ, तर बिग्रेपछि फेरी सञ्चालनमा आउन सकेको छैन ।

'इनारमा पानी हुँदा त्यहाँबाट तरकारी खेतीमा सिँचाइ गर्छौं, नभए गाउँबाटै मोटरको पाइप खेत सम्म पुऱ्याउछौं,' किसान कमल यादव भन्छन् । सिँचाइका लागि झुटकी र बस्तीपुर गाउँमा चार वटा डिप बोरिङ्ग जडान भएका छन् । किसानहरूका अनुसार बोरिङ्ग सञ्चालन भएको केही वर्षसम्म सिँचाइ गर्न मिल्छ । बिग्रेपछि थन्किन्छन ।

'पाँच वर्षअघि खेत नजिकै बोरिङ्ग जडान हुन थालेपछि खुशी बनाएको थियो । अब आकाशे पानीको मात्रै भर पर्नुपर्दैन भनेर,' सफिदले भने, 'त्यो खुशी धेरैदिन टिकेन । एक वर्षमै बोरिङ्ग बिग्रियो । फेरी मर्मत हुन सकेको छैन ।' कार्यालयमा पटक पटक मर्मत गर्न माग गरेको उनले बताए ।

'आकाशे पानीको भरमा व्यावसायिक खेती हुँदैन । सिँचाइ पुऱ्याउन नसकेकोले खेत बाँझै छोड्नु परेको छ,' सोही ठाउँका किसान रामप्रसाद यादवले भने,'सिँचाइ सुविधा भए रोजगारी यही सृजना हुन्छ तर सरकारको ध्यान किसानको समस्यामा पुगेको छैन ।' सिँचाइ अभावले धेरै बाली उब्जाउन नसकेको उनले सुनाए । बोरिङ्ग



बाँकी ३ पेजमा

## मौरीको टोकाइबाट गर्भवती महिलाको मृत्यु

मौरीको टोकाइबाट सप्तरीमा एकजना गर्भवती महिलाको मृत्यु भएको छ । प्रहरीका अनुसार मौरीको टोकाइबाट रूपनी गाउँपालिका-१ रूपनी बजारका राजेश यादवकी २४ वर्षीया पत्नी रमिलाको मृत्यु भएको हो ।

घरदेखि झण्डै ५ सय मिटर पश्चिम शम्भुनाथ नगरपालिका-१ खोक्सरस्थित आफ्नो खेतबाट फर्कँदै गरेकी महिलालाई मंगलबार दिउँसो मौरीले टोकेको उनको परिवारको भनाइ छ ।

बाँकी ३ पेजमा

## स्थानीय जनप्रतिनिधिलाई नेता यादवको सुझाव : 'एउटै माघले जाडो कट्दैन भन्ने कुरा बुझिराख्नोस्'





■ बद्री नारायण यादव

सिरहा । जनता समाजवादी पार्टीका नेता तथा प्रतिनिधिसभा सांसद राजकिशोर यादवले पार्टीगत स्वार्थ त्यागेर विकासमा प्रतिस्पर्धा गर्न सुझाव दिएका छन् ।

सिरहाको नरहा गाउँपालिका-५ स्थित पक्की सडकको शिलान्यास गर्दै नेता यादवले जनप्रतिनिधिहरूलाई यस्तो सुझाव दिएका हुन् । उनले जनहितलाई प्राथमिकतामा राखेर विकासको सन्दर्भमा प्रतिस्पर्धा गर्न तयार रहेको बताए ।

कुनै पनि पार्टी वा व्यक्तिले सर्वहित तथा पारदर्शी तवरले बनाएको योजनालाई आफू स्वागत गर्न तयार रहेको उनले बताए । 'पार्टीको सिद्धान्त आफ्नो ठाउँमा छ,' उनले भने, 'तर मैले विकासको सन्दर्भमा पार्टीभन्दा जनताको हितलाई प्राथमिकतामा राखेको छु ।' जनताको हितका लागि विकासको सन्दर्भ जोडेर कुनै पनि व्यक्ति वा पार्टीसँग आफू सहकार्य गर्न तयार रहेको उनले बताए । कोरोना झनझन भयावह बन्दै गएपनि र किसान मल, बीउ तथा व्यवस्थित सिँचाइको आश खोजि रहेपनि नेकपाको बहुमतीय सरकारका नेता र सांसदहरूलाई आन्तरिक

बाँकी ३ पेजमा

## सुत्केरी र गर्भवतीलाई राहत वितरण





लहान । ओरेक परियोजना कार्यालय सिरहाले सिरहा नगरपालिकाको १४, १५ र १६ वडाका सय जना गर्भवती, सुत्केरी र अति विपन्न परिवारलाई राहत वितरण गरेको छ ।तीन वटै वडा कार्यलयको सहकार्यमा सय जना गर्भवती, सुत्केरी र अति विपन्न परिवारका महिलालाई वडा नं. १६ र १४ का वडाध्यक्षको उपस्थितिमा

बाँकी ३ पेजमा







फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## सम्पादकीय

# गाँजा खेतीको जुहारी

**गाँजालाई हाम्रो समाजमा त्यति राम्रो दृष्टिकोणबाट हेरिँदैन । कसैले गाँजा खाएको देखेमा वा शंका लागेमा समाजले उसलाई गँजडीको बिल्ला भिराइहाल्छ । यो सबैको कारण हो कानुन । हाम्रो कानुनले गाँजाको कारोबार, प्रयोगलाई गैरकानुनी भनेको छ । र, हरेक बर्ष प्रहरीले विभिन्न ठाँउमा गाँजा कारोबारमा संलग्न व्यक्ति पक्राउ र गाँजा खेती नष्ट गरिरहेका हुन्छन् ।**

**यसवर्ष पनि फसल भित्र्याएर बिक्री गर्ने समयमा प्रहरीले सिरहाका उतरवर्ती चुरे लगायत विभिन्न स्थानमा गाँजा फडानी गर्‍यो । सिरहाको उतरवर्ती गोलबजार लगायत जिल्लाका अन्य स्थानबाट कृषकहरुले विघौ जग्गामा लगाएको गाूजा यसवर्ष प्रहरीले फडानी गरी नष्ट गरेको थियो । प्रहरीले बर्सेनि गाँजा फडानी गरी नष्ट गरेपनि कृषकहरुले भने यो खेती गर्न छोडेका छैनन् । कतिपयले सिरहामा व्यवसायिक रुपमै यसको खेती गर्दै आएका छन भने कतिपयले करेसाबारीमा मौसमी रुपमा घरखर्च जोहोकालागि यसको खेती गर्छन् ।**

**नेपालमा प्रतिबन्धित तर विश्व बजारमा गाँजाको उत्पादन र कारोबार विस्तारै गैरकानुनीबाट कानुनी बन्दै गएको छ । विकसित देशहरुले यसलाई औषधि र मनोरन्जनको वस्तुको रुपमा प्रयोग गर्न कानुनी मान्यता दिन सुरु गरेका उदाहरण छन् । क्यानडाको सरकारले गाँजाको उत्पादन र कारोबारलाई कानुनी मान्यता दिइसकेको छ भने अमेरिकाले धेरै राज्यमा गाँजालाई कानुनी मान्यता दिइसकेको छ ।**

**नेपालमा पनि यसको उत्पादन र कारोबारलाई कानुनी मान्यता दिन प्रतिनिधि सभामा ४५ जना सांसद्हरूले गाँजा र भाङमा लगाइएको कानुनी प्रतिबन्ध हटाउन जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएपछि बहस चलेको थियो । सत्ताधारी नेकपाका सांसद विरोध खतिवडा प्रस्तावक रहेको उक्त प्रस्तावमा नेपालमा गाँजा तथा भाङलाई लागूऔषधको श्रेणीबाट हटाउन माग गरिएको थियो । उनीहरुले गाँजालाई कानुनी मान्यता दिंदा नेपालको अर्थतन्त्र समृद्ध हुने दाबी गरेका थिए । ६२ वटा मुलुकहरूले पूर्ण वा आंशिक रूपमा गाँजालाई खुला गरिसकेको अवस्थामा नेपालले पनि कानुनी मान्यता दिनुपर्छ भन्ने अडान राखेका थिए । गाँजाबाट ३ सय औषधी बनिरहेको र यसको प्रयोग २५ सय औषधीमा हुनसक्ने दाबी गरिएको थियो ।**

**त्यसो त त्यतिखेर आयुर्वेदिक चिकित्सक र औषधी उत्पादकहरूले पनि औषधीमा प्रयोग गर्नका लागि नियन्त्रित खेती गर्न दिनुपर्ने औल्याएका थिए । आयुर्वेदिक चिकित्सकका अनुसार रातोबरी, जातीफलाडी चूर्ण र मदनानन्द मोदक औषधीमा गाँजा र भाङको प्रयोग हुने गर्थ्यो । यद्यपी, विश्वबजारमा औषधि र मनोरन्जनकारुपमा प्रयोग गरिने गाँजाका सयौं प्रकारका उपभोग्य वस्तुको विकास भइरहेका छन् । जसको प्रतिलिपि अधिकार सुरक्षित गर्न उत्तर अमेरिकी कम्पनीहरु दौडधुपमा लागेका हुन्छन् । अन्य व्यवसाय गरेका धेरै क्यानेडियन कम्पनी पुरानो व्यवसाय छाडेर गाँजाको व्यवसायमा आकर्षित भएका पनि दृष्टान्त छन् । तर, नेपालमा कानुनी मान्यता नपाएको प्रतिबन्धित गाँजाको उत्पादन र बिक्री वितरणमा कडाई गर्नुबाहेक यसको विकल्प छैन ।**

# स्थानीय सरकारका तीन वर्ष : आश गर्ने ठाउँ छ ?

## पालिका बहस

**महेश पराजुली**



२०७४ असोज २ गते सम्पन्न निर्वाचनलाई अन्तिम चरण मान्दा संघीय प्रणाली अन्तर्गत सबै स्थानीय सरकारले स्थानीय शासनको कार्यभार सम्हालेको तीन वर्ष पूरा भएको छ । तीन वर्ष समयावधि कार्यसम्पादनका हिसाबले कम होइन ।

स्थानीय सरकारका कामकारबाहीका बारेमा आलोचना तथा प्रशंसा दुवै छन् । केही 'निराशावादी' ले भन्ने गरे जस्तो स्थानीय तहमा सबै बिग्रिएको पक्कै होइन । तर सबै राम्रो पनि भएको अवश्य छैन ।

७५३ स्थानीय सरकारहरुमा केही अब्बल देखिएका छन् त केहीको अवस्था दयनीय छ, दुर्बल छ । वैज्ञानिक विधिमा आधारित भई यति धेरै स्थानीय सरकारको कार्यसम्पादनको वस्तुनिष्ठ मूल्यांकन गर्न समय र श्रम दुवै चाहिन्छ जुन संस्थागत रुपमै हुनुपर्छ । यस अर्थमा यो लेख विगत तीन वर्षको सामान्य समीक्षा मात्रै हो ।

सर्वप्रथमत : एउटा राज्यले स्थानीय सरकारसँग के अपेक्षा राखेको हुन्छ त ? यसबारे कुरा गरौं ।

स्थानीय सरकारहरु जनतानजिक रहेर काम गर्छन्। यस कारण यिनले स्थानीय समुदायका दैनन्दिन् आवश्यकता परिपूर्ति गर्न सहयोग गरिदिऊन् र शिक्षा, स्वास्थ्य, न्यूनतम रोजगारी जस्ता आधारभूत कुरा सरल सुलभ प्राप्त होस् भन्ने नै जनताको अपेक्षा रहन्छ ।

स्थानीय सरकारसँगका यस्ता अपेक्षालाई कतिपय देशमा कानुनमा नै लिपिबद्ध गरिएका हुन्छन् ।

जस्तो, दक्षिण अफ्रिकामा संविधानमा नै स्थानीय समुदायलाई प्रजातान्त्रिक एवं उत्तरदायी सरकार दिनु, सेवा प्रवाह सुनिश्चिता गर्नु, आर्थिक तथा सामाजिक विकास गर्न टेवा पुर्‍याउनु, जनतालाई स्थानीय स्तरमा स्वस्थ र सुरक्षित वातावरण उपलब्ध गराउनु र जनताको सहभागितालाई प्रवर्द्धन गर्नुलाई स्थानीय सरकारका प्रमुख कार्यभारका रूपमा राखिएको छ ।

नेपालको संविधानमा स्पष्टरुपमा स्थानीय सरकारसँगका अपेक्षाका बारेमा नलेखिए पनि स्थानीय सरकार संचालन ऐन २०७४ लाई हेर्दा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता स्थापित गरी स्थानीय स्तरमा प्रभावकारी सेवाप्रवाह होस् र प्रजातन्त्रका लाभबाट सबै वर्ग, लिंग, जातजातिले फाइदा लिनसकून् भन्ने चाहना राज्यले स्थानीय सरकारसँग राखेको देखिन्छ ।

यसरी संसारको अनुभव हेर्दा मुख्यतः प्रजातान्त्रिक प्रणालीको सम्वर्द्धन होस्, शासनमा जनताको सहभागिता बढोस्, जनताले आधारभूत सेवाहरु सहजै पाऊन् र स्थानीयस्तरमा दिगो सामाजिक तथा आर्थिक विकासको अभियान नै सञ्चालन हुन सकोस् भन्ने नै स्थानीय सरकारसँग गरिने विश्वव्यापी अपेक्षा देखिन्छन् ।

यी विश्वव्यापी अपेक्षामा नेपालका स्थानीय सरकार कत्तिको खरो उत्रिए त ? पहिलो कुरा त स्थानीयस्तरमा वर्षौंपछि पुन : प्रजातान्त्रिक अभ्यास थालनी भएको छ । यो संस्थागत हुने क्रममै छ । करिब चालीस हजार हाराहारीमा जनप्रतिनिधि निर्वाचित भई शासनको अभ्यास गरिराखेका छन् । लैंगिक र समावेशी हिसाबले आशलाग्दो प्रतिनिधित्व भएको वर्तमान अवस्थालाई विश्वको कुनै पनि लोकतान्त्रिक इतिहासमा कम मानिंदैन । स्थानीय लोकतन्त्र बलियो भएको अवस्था छ ।

प्रजातान्त्रिक अभ्याससँगै स्थानीय नेतृत्वमा पनि निखार आइरहेको अनुभव हुन्छ । स्थानीय सरकारमा रहेका जनप्रतिनिधिका आत्मविश्वासले भरिएका अन्तरवार्ता र कतिपय मेयर तथा अन्य जनप्रतिनिधिले 'आफैं उदाहरणीय' बनेर गरेका कामले आशाको किरण देखाउँछन् ।

आफ्ना लागि गाडी किन्नु साटो उक्त रकमले पोलिटेक्निक इन्सिटिच्युट खोल्न तम्सिने कनकाई नगरपालिकाका मेयर भनौं वा आफूलाई ज्यान मार्ने धम्की दिने व्यक्तिलाई रिहा गर्न आग्रह गर्ने ललितपुरका मेयर, यस्ता धेरै उदाहरण छन् जसले स्थानीय नेतृत्व खारिँदैछ, परिपक्व बन्दैछ भन्ने देखाउँछ ।

यसका बावजुद कतिपय जनप्रतिनिधि नै गैरकानुनी लेनदेनमा सामेल हुनु, बलात्कार, बहुविवाह जस्ता अपराधमा संलग्न हुने केही 'केस' ले भने स्थानीय तहको नेतृत्वमा नैतिकता कसरी प्रवर्द्धन गर्ने भन्ने चुनौती थपिएको महशुस हुन्छ ।

दोस्रो, जनप्रतिनिधि बहाल भएपछि स्थानीय शासन प्रणालीमा जनताको सहभागिता बढेको छ । नेपालले सन् असी दशकदेखि नै यसको अभ्यास गर्दै आएको हो। विगतमा निर्वाचित पदाधिकारी नभएका समयमा पनि कुनै न कुनै किसिमले जनताको भागिदारी स्थानीय तहमा थियो । हाल यो प्रक्रियाले तीव्रता पाएको छ ।

विकास योजनाको सञ्चालनमा, खबरदारीमा समुदायहरु सक्रिय छन् । आफ्नो घरदैलोको सरकारले के राम्रो गर्‍यो र के गरेन, मानिसहरूले चनाखो भएर हेर्न थालेका छन् । स्थानीय तहमा अधिकांश विकास योजना उपभोक्ता समिति मार्फत गरिने भएकाले देशभर गठित हजारौं उपभोक्ता समिति माध्यमबाट लाखौं जनताले विकासमा सहभागिता जनाइराखेका छन् ।

यसमा चुनौती भनेको कसरी तिनको काम गुणस्तरीय बनाउने र सहभागिता अर्थपूर्ण बनाउने भन्ने मात्र हो । कतिपयले सहभागिताको नाममा विकासमा स्थानीय 'ठूलाठालु' को कब्जा भयो, आफ्ना कार्यकर्तालाई बढी लाभ र संरक्षण गरियो भन्ने आरोप लगाए पनि आखिर जनपरिचालन गाउँमै भएको छ, नगरमा भएको छ, केन्द्रमा होइन ।

दोस्रो, विगतभन्दा जनतालाई दिइने सेवामा पनि सुधार आएको छ। शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत धेरै अधिकार तल गइसकेका र सोसँग सम्बन्धित कार्यालय स्थानीय तहमा गाभिइसकेका हुनाले सेवा पहिलेभन्दा छिटोछरितो भएको छ ।

उदाहरणका लागि : धेरै स्थानीय सरकारले सामाजिक सुरक्षा भत्ता सम्बन्धितको बैंक खाता वा घरदैलोमै दिने परिपाटी होस् वा दोलखाको तामाकोशी गाउँपालिकाले आफ्ना गाउँबासीको कोरोना बीमा गरिदिने पहल होस्, सबै स्थानीय तहले जनतालाई दिइने सेवामा केही न केही नवीनता र छरितोपन ल्याउन खोजेका छन् ।

केही कमी कमजोरीका बाबजुद कोरोना व्यवस्थापनमा स्थानीय सरकारले खेलेको भूमिका जति प्रशंसा गरे पनि पुग्दैन । पर्याप्त जनशक्तिको अभावका कारण जुन किसिमले सेवाप्रवाहमा परिष्कार आउनुपर्थ्यो, त्यो अवश्य भएको छैन तर तीन वर्ष पहिले र अहिलेको तुलना गर्दा हालको अवस्था निश्चय नै राम्रो छ ।

कृषि, शिक्षा लगायत क्षेत्रमा अधिकांश अधिकारहरु संविधानत : स्थानीय तहमा गइसके पनि तीन तहका सरकारबीच पर्याप्त समन्वय हुन नसक्दा कतिपय सेवा वितरण प्रणालीमा अन्यौल पक्कै देखिन्छ । कसले खरिद गर्ने र वितरण गर्ने भन्नेजस्ता आधारभूत कुरामा पनि समन्वय हुन नसक्दा रासायनिक मलजस्तो आधारभूत वस्तु समयमै किसानका खेतमा पुर्‍याउन नसकिएको अवस्था मध्यनजर गर्दै भोलिका दिनमा मलको सहज आपूर्तिको विकल्प के भन्नेबारे बेलैमा स्थानीय सरकारले गम्भीर भएर सोच्नु पर्ने बेला आएको छ ।

स्थानीयस्तरमा ससाना पूर्वाधारको निर्माणमा गति आएको छ । जनताको माग अत्यधिक भएर होला अधिकांश स्थानीय सरकारको बजेटको ठूलो हिस्सा पूर्वाधार निर्माणमा नै विनियोजित छ । गाउँनगर तहमा सडक, कल्भर्ट, कुलो

*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज विभिन्न अवसरले पछ्याउनेछन् । नजिकको मित्रसँग भेटघाट हुनेछ । पठनपाठनमा प्रगति हुनेछ, तर दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**वृष** :- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । नयाँ कार्यको थालनी हुनेछ । कूटनीतिक नियोगको सहयोग मिल्नेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिथुन**:- घरायसी कार्य अगाडी बढ्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । सफल यात्राको योग पनि छ ।

**कर्कट** :- चुनौती चिर्दै काम बनाउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान पाइएला । अरूलाई प्रभावित पारेर काम बन्नेछ । व्यापार व्यवसायमा लाभ मिल्नेछ ।

**सिंह**:- आजको प्रयत्न निष्फल जस्तै होला । अनावश्यक झमेलामा परिएला । चुनौतीको सामना गर्नुपर्ला । प्रयत्न गरे फाइदा पनि लिन सकिनेछ ।

**कन्या** :- आज शुभ समाचार सुन्न पाइएला । नयाँ कार्यको थालनी हुन सक्छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । आम्दानी पनि प्रशस्तै बढ्न सक्छ ।

**तुला** :- मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । मुद्दा-मामिलामा विजयी भइनेछ ।

**वृश्चिक** :- योजना कार्यान्यनमा ढिलाइ गर्नाले आफैंपछि परिनेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । सम्पत्ती राउने र साँझमा खर्च बढ्न सक्छ ।

**धनु** :-आज जुक्ति तथा बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ । मनोरञ्जनमा सहभागीता भइएला । प्रशस्त धन आर्जन गर्ने अवसर पाउनुहुनेछ ।

**मकर**:- आज शत्रुहरु किनारा लाग्नेछन् । चिताएको कामले तीव्रता लिनेछ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ ।

**कुम्भ**:- भ्रमण खानपान तथा फेसनमा धन खर्च हुनेछ । गरेको काममा ढिलासुस्ती हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । अरूको भर पर्दा धोका पाइनसक्छ ।

**मिन** :- आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ ।

## बोरिङ ...

सञ्चालनमा हुँदा उनीहरूलाई खेतीगर्न सहज भएको थियो । अहिले खेतमा लगाइएको तरकारी र गहुँबालीमा सिँचाइ गर्न समस्या भइरहेको उनले सुनाए ।

भूमिगत जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालय लहानका अनुसार सिरहामा हालसम्म सय भन्दा बोरिङ जडान भएका छन । त्यसमा अधिकांश बिग्रेका छन । एउटामा ६०/७० लाख रूपैयाँ खर्चिन्छन ।

## स्थानीय...

विवादबाटै फुर्सद नभएको उनले आरोप लगाए ।

बहुमतीय दम्भ हटाउनका लागि जनता समावादी पार्टी वाहेक अन्य बिकल्प नभएको भन्दै सबैलाई एकढिक्का हुन उनले आग्रह गरे । आमन्त्रणका बाबजुद पनि कार्यक्रममा नआएका गाउँपालिका अध्यक्ष रामशरण यादवलाई इंगित गर्दै उनले विकासका काममा पार्टीबाट माथि उठ्न नसक्नेहरूले एउटै माघले जाडो कट्दैन भन्ने कुरा बुझ्नुपर्ने औल्याए ।

ग्रामीण विकासको लेखाजोखा गर्ने जिम्मेवारी स्थानीय सरकारको भएपनि जनप्रतिनिधिहरूले ठूलो हृदय देखाउन नसकेकोमा उनले दुःख पनि प्रकट गरे । शिलान्यास भएको योजना गुणस्तर र पारदर्शी ढंगले समयमा सम्पन्न भए आउने दिनमा थप बजेटको व्यवस्था गर्ने प्रतिबद्धता जनाए ।

आफ्नो स्वार्थ अनुरूप योजना बनाएर अपारदर्शी रूपले काम गरेर भ्रष्टाचार गर्नेले जनताको हित कहिल्यै गर्न नसक्ने भन्दै उनले सुन्दर र पारदर्शी समाज निर्माणको अभियानमा सबैलाई जुट्न आग्रह पनि गरे ।

यस्तै, प्रदेश २ सरकारका उद्योग, पयर्टन, वन तथा वातावरण राज्यमन्त्री सुरेश कुमार मण्डलले सम्पन्न र समृद्ध मधेसका लागि मधेसवादी पार्टी एक ठाउँमा आए जस्तै मधेसका सबै जनता एक भएर मधेसवादी पार्टीलाई साथ दिनुपर्ने बताए । बाहुनवादी पार्टीले कहिल्यै मधेसको भलो नचाहेकै कारण मधेस पछि परेको र आउने दिनमा पनि ती पार्टीहरू मधेसीको नहुने भन्दै जनता अब गम्भीर बनेर सोच्नुपर्ने समय आएको उनले बताए ।

बाहुनवादी पार्टीका नेताहरूले बसाएको चुनाव ताका मात्रै जनतालाई मुख हेराउने प्रवृत्तिलाई पनि आफूहरूले चिर्दै गइरहेको समेत उनले बताए । बाराको गढिमाईमा ५ वर्षको अन्तरालमा लाग्ने मेलाप्रति संकेत गर्दै उनले भने, 'पहिला नेताहरू जितेर गएपछि पाँच वर्ष पूरा गरेर गढिमाई मेला जस्तै गाउँ पस्थे, तर हामी निरन्तर जनताको साथमा रहँदै गाउँगाउँ पुग्दैछौं ।'

दुई तिहाईको दम्भ देखाएर नेकपाको सरकारले संघीयता विरोधी काम गर्दै मधेसलाई होच्याउन खोजेको भन्दै त्यस्तालाई सबक सिकाउने शक्ति जनताकै हातमा रहेकोले सबै सचेत हुनुपर्ने उनको आग्रह छ ।

सोमबार शिलान्यास गरिएको पक्की सडकका लागि सिरहा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद राजकिशोर यादवले संसदीय विकास पूर्वाधार कोषबाट ५० लाख बजेट उपलब्ध गराएका छन् ।

## सुत्केरी...

राहत वितरण गरिएको थियो । राहतमा २५ किलो चामल, १ किलो चना, २ किलो दाल, १ किलो नुन, १ लिटर तेल, १ किलो सर्फ, नुहाउने साबुन र प्याडको लागि प्रयोग गर्न २ मिटर सुतीको कपडा रहेको ओरेककी कार्यक्रम तथा संचार अधिकृत अनिता चौधरीले जानकारी दिइन ।

कोरोना महामारीका कारण अहिले पनि अवस्था समान्य नभएको हुँदा ओरेकले दिएको राहतले गर्भवती तथा सुत्केरी महिलालाई एक महिनाको लागि पुग्ने खाना र सरसफाइका सामाग्री दिएको ओरेक परियोजना कार्यालय सिरहाकी संयोजक सर्मिला निरौलाले जानकारी दिइन् ।

## मौरीको ...

उनको मुख, घाँटी र छातीमा एकै पटक सयौं मौरीले टोकेका थिए । मौरीको टोकाइबाट सिकिस्त भएकी उनलाई उपचारका लागि स्थानीय युनिक अस्पतालमा भर्ना गरिए पनि उनको मृत्यु भएको परिवारजनले बताएका छन् ।

मृतक महिला ६ महिनाकी गर्भवती थिइन् । उनको ५ वर्षका एउटा छोरासमेत छन् ।

## स्थानीय सरकारका ...

जस्ता ससाना पूर्वाधार निर्माणमा उल्लेखनीय काम भएका छन् । मठ मन्दिर, मस्जिद, स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माणमा पनि यस बीचमा केही काम भएका छन् ।

योजना संख्या हिसाबले धेरै काम भए पनि पर्याप्त प्राविधिक क्षमताको कमीले यिनको गुणस्तरमा प्रश्न गर्ने ठाउँ भने अवश्य छ । तर क्षमता एकाएक निर्माण हुने पनि होइन । यसमा त संघ र प्रदेश सरकारबाट ठोस पहल सुरु गरिनुपर्छ । राज्यको समग्र खर्चमा करिब एक–चौथाइ खर्च स्थानीय तहबाट भइराखेकाले पनि वित्तीय कार्यकुशलताको विषय सबैको प्राथमिकतामा पर्नु जरूरी भइसक्यो ।

हालसम्म चालीसभन्दा बढी स्थानीय सरकारले यो आर्थिक वर्षको बजेट पास गर्न सकिराखेका छैनन् । यो अवस्थामा जनताको क्षमता र चाहना नबुझी आम्दानी बढाउने नाममा अनावश्यक कर लगाउने होडबाजी जस्ता कुराले आर्थिक कार्यकुशलतामा स्थानीय सरकारले अझै धेरै काम गर्न बाँकी छ भन्ने देखिन्छ ।

यीबाहेक स्थानीय तहले आफूलाई चाहिने आधारभूत कानुन निर्माणमा गरेका प्रगति र उपमेयर वा उपाध्यक्षको नेतृत्वमा रहने न्यायिक समितिले स्थानीय स्तरमा विवादको निरूपणमा देखाएको सक्रियता सकारात्मक काम हुन् ।

धेरै सकारात्मक कुराका बाबजुद केही विकृति पनि देखिएका छन् । स्थानीयस्तरमा भ्रष्टाचारको बढ्दो ग्राफ, आफ्ना सेवासुविधा बढाउने कुरामा तँछाडमछाड, अनि 'डोजरे' र 'असारे' विकासका नाममा भइराखेका विकृतिले स्थानीय सरकारको छविमा दाग अवश्य लागेको छ ।

समग्रमा, हामी एकात्मक सरकारबाट बहुसरकार प्रणालीमा गएको वर्तमान अवस्थामा हरेक विषय सापेक्ष रूपमा हेरिनुपर्छ ।

के स्थानीय सरकारको अनुपस्थितिमा केन्द्रीय सरकारले आफ्नो संरचनामार्फत यी सबै काम गर्न सक्थ्यो त ? उत्तर सजिलो छैन। यस अर्थमा स्थानीय सरकार जनताका अपेक्षा पूरा गर्ने सन्दर्भमा खरो उत्रिए त नभनौं तर सकारात्मक बाटोमा छन् भन्न सकिन्छ ।

कुनै सरकार आफैंमा परिपूर्ण हुँदैन । स्थानीय सरकारको सन्दर्भमा पूर्व अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले कुनै बेला भनेका थिए । निश्चय नै स्थानीय सरकारमा बेइमानहरु छन् । तर त्यस्ता बेइमान राष्ट्रिय सरकारमा पनि छन् ।

हाम्रो सन्दर्भमा पनि सबै तहका सरकारमा कमीकमजोरी छन् र बेइमान पनि छन् । अहिलेको आवश्यकता भनेको कसरी गल्तीबाट पाठ सिकेर समृद्धि र प्रगतिको बाटोमा अगाडि बढ्ने भन्ने हो । गएका तीन वर्ष विश्लेषण गर्दा यसका लागि स्थानीय सरकार हातेमालो गर्न तयार देखिन्छन् ।

खाँचो छ त मात्र तीनै तहका सरकारबीच समन्वय र सहकार्य । अनि एकअर्का प्रति इमानदारी ! *सेतोपाटीबाट*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

पौडेल पक्राउ र रिहा घटना

# प्रहरी नियन्त्रणबाट बाहिर आएपछि पौडेलले भने– 'लोकतन्त्र अपमानित भएको छ'




प्रहरी नियन्त्रणमा रहेका कांग्रेस नेता रामचन्द्र पौडेल रिहा भएका छन् । तनहुँमा बुधबार दिउँसो कार्यकर्तासहित नियन्त्रणमा लिइएका नेता पौडेललाई रिहा गरिएको हो । रिहा भएपछि नेता पौडेलले लोकतन्त्र अपमानित भएको बताएका छन् ।

'आज जे भइरहेको छ । यसको देशभर विरोध भइरहेको छ,' उनले कार्यकर्ता र सञ्चारकर्मीहरूलाई संबोधन गर्दै भनेका छन् । उनले आफूलाई लाठीले पेलेर बोल्नै नसक्ने बनाएको जानकारी दिएका छन् ।

वरिष्ठ नेता पौडेलसँगै कांग्रेस तनहुका कार्यबाहक सभापति जितप्रकाश आलेलाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो । पुलको उदघाटन गर्न जाने क्रममा तालघारीबाट पौडेलसहितका नेतालाई फिर्ता गरेर सदरमुकाम ल्याइएको थियो । पौडेललाई प्रहरीले जबर्जस्ती नियन्त्रणमा लिइएको थियो । पौडेलले फेसबुक स्टाटस लेखेर आफूलाई प्रहरीले हिरासतमा लिएको जनाएका थिए ।

झडप हुनसक्ने भन्दै तनहुमा जिल्ला प्रशासन कार्यालयले मध्यान्ह १२ बजेदेखि लागू हुनेगरि निषेधाज्ञा जारी गरेको थियो । प्रमुख जिल्ला अधिकारी सागर न्यौपाले निषेधाज्ञा जारी गर्नुपूर्व दमौलीमा नेकपा तनहु र राष्ट्रिय युवा संघले विरोध प्रदर्शन र नाराबाजी गरेको भन्दै निषेधाज्ञा जारी गरेको बताएका थिए ।

व्यास नगरपालिकामा मोटरेबल पूल निर्माण भएको र त्यसको उदघाटन कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गर्ने भनेपछि विवाद सुरू भएको थियो । पौडेल पक्राउ परेपछि सरकारको चौतर्फी आलोचना भएको थियो ।

# ओलीलाई देउवाको प्रश्न– 'सुरक्षाका लागि समातेको भए पौडेललाई घरमा नलगेर किन चौकीमा लगेको ?'





नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वरिष्ठ नेता रामचन्द्र पौडेल पक्राउको विषयमा प्रधानमन्त्री केपी ओलीसँग आक्रोश व्यक्त गरेका छन् । बुधबार तनहुमा एक पुल उदघाटन गर्न जान लागेका पौडेललाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

सभापति देउवाले प्रधानमन्त्री ओलीलाई बुधबार दिउँसो टेलिफोन गरेको उनका स्वकीय सचिव भानु देउवाले बताए । टेलिफोनमा देउवाले वरिष्ठ नेता पौडेल पक्राउको कारण सोधेका थिए । जवाफमा प्रधानमन्त्री ओलीले झडप हुने अवस्था देखिएकाले शान्ति सुरक्षाका लागि पौडेललाई नियन्त्रणमा लिइएको जवाफ दिएका थिए ।

ओलीको जवाफमा प्रतिप्रश्न गर्दै देउवाले भनेका थिए, 'शान्तिसुरक्षाको लागि भए उहाँ (पौडेल)लाई किन उहाँको घर नलगेको ? किन चौकी लगेको ?'

तत्काल नेता पौडेलको रिहाइ गर्न पनि उनले प्रधानमन्त्री ओलीलाई भनेको स्वकीय सचिव भानु देउवाले जानकारी दिए । बुधबार दिउँसो ब्यास नगरपालिकामा नवनिर्मित पूल उदघाटनका लागि पौडेल गएका थिए । सो क्रममा सत्तारूढ दल नेकपाका कार्यकर्ताहरूले अवरोध प्रयास गरेका थिए ।

जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा नै जारी गरेको थियो ।

तर, पौडेलले सत्ताको दुरूपयोग गर्दै कार्यक्रम बिथोल्ने प्रयास भएको भन्दै जिल्ला प्रशासनको निषेधाज्ञा खारेज गर्ने भन्दै पुल उदघाटन गरेरै छाड्ने बताएका थिए । कार्यकर्तासहित पुल उदघाटनका लागि जाँदै गर्दा पौडेललाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

ब्यास नगरपालिकाको वडा नं १ र ११ जोड्ने बुल्दी खोलामा नेपाली कांग्रेसकै पालामा निर्माण सम्पन्न भएको हुँदा कांग्रेस नेताले नै उदघाटन गर्ने कार्यक्रम तय भएको थियो । उपभोक्ता समितिले सर्वसम्मतरूपमा निर्णय गरेर पौडेललाई बोलाए पनि नेकपाका कार्यकर्ताले पौडेललाई पूल उदघाटन गर्न दिन नहुने माग गर्दै विरोध जनाएका थिए ।

# विरोधमा माइतिघरमा नेविसंघको प्रदर्शन

नेपाल विद्यार्थी संघले कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई तनहुमा प्रहरीले नियन्त्रणमा लिएको विरोधमा माइतिघर मण्डलामा प्रदर्शन गरेको छ । नेविसंघ अध्यक्ष राजीव ढुँगानाको नेतृत्वमा संघले विरोध कार्यक्रम गरेको हो ।

विरोधसभामा बोल्दै संघका अध्यक्ष ढुँगानाले तनहु घटनाले कम्युनिस्ट कहिल्यै लोकतान्त्रिक हुँदैनन् भन्ने पुष्टि भएको बताए । लोकतन्त्रलाई केपी ओली नेतृत्वको सरकारले कमजोर बनाउन खोजे नेविसंघले नछाड्ने पनि उनले चेतावनी दिए । सरकारले पौडेललाई फक्राउ गरेर निषेधको राजनीति गरेको पनि बताए ।

# कांग्रेसको धैर्यतालाई कसैले कमजोरी नठानोस् : महामन्त्री कोइराला



नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले वरिष्ठ नेता रामचन्द्र पौडेललाई नियन्त्रणमा लिइएको घटनाको भर्त्सना गर्दै कांग्रेसको धैर्यतालाई कमजोरी नठान्न चेतावनी दिएका छन् । तनहुमा मंगलबार वरिष्ठ नेता पौडेललाई प्रहरीले नियन्त्रणमा लिइनु सत्ताको चरम दुरूपयोग भएको पनि उनले बताएका छन् ।

तत्काल पौडेललाई रिहाई गर्न र कांग्रेस नेता, कार्यकर्तामाथिको धरपकड तत्काल बन्द गर्न पनि महामन्त्री कोइरालाले चेतावनी दिएका छन् । 'कुनै राजनीतिक दलका नेतालाई कार्यक्रममै जान रोक लगाउनुले सरकारको तानाशाही प्रवृत्ति प्रष्ट भएको छ,' उनले भने, 'लोकतन्त्रका लागि अनवरत लडेको नेपाली कांग्रेसले यस्ता गलत कार्यबाट विचलित नहुने र यस्ता अतिवादी कार्यको डटेर सामना गर्ने छ । कांग्रेसका नेता, कार्यककर्तामाथि सत्ताको चरम दुरूपयोग गर्दै कसैले दमनको सपना देखेको छ भने त्यो दिवास्वप्न मात्र हुनेछ । कांग्रेसको धैर्यतालाई कसैले कमजोरी नठानोस् ।'

# नेकपा सरकारको दिनगन्ती सुरु भयो : नेता सिंह



नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले वरिष्ठ नेता रामचन्द्र पौडेललाई गिरफ्तार गरेर सरकारले आफ्नो दिनगन्ती शुरू गरेको बताएका छन् । बुधबार गृहजिल्ला तनहुमा पौडेल पक्राउ परेपछि सिंहले नेकपाको सरकारको असली चरित्र उदाँगो भएको बताएका छन् ।

उनले पञ्चायत र राजाको प्रत्यक्ष शासनकाल विर्साउने गरि प्रमुख प्रतिपक्षी दलको वरिष्ठ नेतामाथि नै धरपकड शुरू गरेर नेकपाको सरकारले आफ्नो दिनगन्ती शुरू गरेको बताए । उनले पौडेलसहितका नेता, कार्यकर्तामाथिको धरपकड र गिरफ्तारीको घटनाको निन्दा गरेका छन् ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)